## शिवालय गाउँपालिकाको गैरसरकारी संस्था सञ्चालन कार्यविधि, २०८२

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।०५।१७**

**प्रस्तावना:**

शिवालय गाउँपालिका क्षेत्रभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यक्रमलाई गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट, स्थानीय आवश्यकता र प्राथमिकतासँग समन्वय, सहकार्य तथा साझेदारीका आधारमा सञ्चालन गराई दोहोरोपन न्यूनीकरण गर्ने, स्रोत—साधनको प्रभावकारी परिचालन गर्ने, कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यविधि १०२ ले दिएको अधिकार प्रयोग गरी शिवालय गाउँ कार्यपालिकाले यो "**गैरसरकारी संस्था सञ्चालन कार्यविधि, २०८२**" जारी गरेको छ।

### परिच्छेद—१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधि को नाम "**शिवालय गाउँपालिकाको गैरसरकारी संस्था सञ्चालन कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)** "अध्यक्ष" भन्नाले शिवालय गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

**(ख)** "उपाध्यक्ष" भन्नाले शिवालय गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

**(ग)** "गाउँपालिका" भन्नाले शिवालय गाउँपालिका एवं शिवालय गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

**(घ)** "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले विदेशमा दर्ता भई नेपालमा सामाजिक सेवा तथा विकास कार्यमा संलग्न हुने तथा त्यस्तो कार्यमा सहयोग गर्ने संस्थालाई सम्झनुपर्दछ।

**(ङ)** "समन्वय समिति" भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्छ।

**(च)** "दातृ निकाय" भन्नाले समाज कल्याण, सामाजिक सेवा तथा विकास कार्यमा सहयोग गर्ने विदेशी सरकार वा संघ, संस्था आदि सम्झनु पर्छ।

**(छ)** "मन्त्रालय" भन्नाले विषयगत मन्त्रालय सम्झनु पर्छ।

**(ज)** "गैरसरकारी संस्था (गैसस)" भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी प्रचलित कानून बमोजिम दर्ता भई सामाजिक कार्य गर्ने संस्थालाई सम्झनु पर्छ।

**(झ)** "विधान" भन्नाले गैरसरकारी संस्थाको विधान सम्झनु पर्छ।

**(ञ)** "कार्यसमिति सदस्य" भन्नाले गैरसरकारी संस्थाको कार्यसमितिका सदस्यलाई जनाउँछ।

**(ट)** "सामाजिक सेवा तथा विकास कार्य" भन्नाले नेपाली समाजको समतामूलक विकास, सामाजिक रूपान्तरण, लोकतन्त्र, मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, महिला, दलित, जनजाति, बालबालिका, ज्येष्ठ नागरिक, गरिब, अशक्त एवं अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवं उपेक्षित समुदायको हित, जनचेतना, क्षमता विकास, सशक्तीकरण, वकालत, सामाजिक परिचालन, उपभोक्ता अधिकार, आर्थिक विकास, पूर्वाधार विकास, सेवा तथा पुनर्स्थापना, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, स्थानीय सुशासन लगायतका सामाजिक विकासका लागि गरिने कार्य सम्झनुपर्दछ।

**(ठ)** "संघसंस्था" भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी संघसंस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भएका तथा समाज कल्याण ऐन, २०४९ अनुसार आबद्ध सामाजिक संस्थालाई सम्झनु पर्छ।

**(ड)** "विषयगत समिति" भन्नाले गाउँपालिकामा गठित विभिन्न विषयगत समितिलाई सम्झनु पर्छ।

**(ढ)** "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिलाई सम्झनु पर्छ।

**(ण)** "समिति" भन्नाले यसै कार्यविधि बमोजिम गठन हुने गैसस समन्वय समितिलाई सम्झनु पर्छ।

**(त)** "गैसस महासंघ" भन्नाले गैससहरूको छाता संगठनलाई सम्झनु पर्छ।

## परिच्छेद—२

## संघसंस्थाहरूको वर्गीकरण र सामाजिक विकास कार्यक्रम

### ३. संस्थाहरूको सूची तयार गर्ने:

**(१)** गाउँपालिकामा काम गरिरहेका, काम गर्न चाहने तथा गाउँपालिकामा कार्यालय रहेका सम्पूर्ण संघसंस्थाहरू सूचीकृत हुनुपर्नेछ। यसरी सूचीकृत भएका संस्थाहरूलाई गाउँपालिकाले अनुसूची—१ बमोजिमको सूचीकृत प्रमाणपत्र उपलब्ध गराउनेछ।

**(२)** सूची तयार गर्दा सार्वजनिक सूचना मार्फत देहायबमोजिम वर्गीकरण गरी अलग—अलग सूची तयार गरिनेछः

**(क)** सामाजिक संस्थाहरू (जनचेतना, सशक्तीकरण, क्षमता विकास, आर्थिक विकास, सामाजिक परिचालन र पूर्वाधार विकास एवं परिच्छेद—१ को दफा २ को (ट) बमोजिमका कार्य गर्ने गैरनाफामूलक संस्थाहरू)

**(ख)** खेलकुद विकास संस्थाहरू (खेलकुदका क्षेत्रमा कार्य गर्ने)

**(ग)** धार्मिक तथा सांस्कृतिक संस्थाहरू (धर्म, संस्कृति तथा परम्पराको क्षेत्रमा कार्य गर्ने)

**(घ)** प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू (कुनै निश्चित उद्देश्य तथा कसैको सम्झनामा स्थापना भई कार्य गर्ने संस्थाहरू)

**(ङ)** पेशागत संस्थाहरू (कुनै निश्चित पेशा वा व्यवसायको क्षेत्रमा कार्य गर्ने)

**(च)** सञ्जाल तथा महासंघहरू (कुनै निश्चित विषयगत क्षेत्रमा कार्य गर्ने प्रारम्भिक संस्थाहरूको छाता सञ्जालको रूपमा कार्य गर्ने)

**(छ)** उपभोक्ता समूहहरू (कुनै निश्चित विषयमा कार्य गर्नका लागि निश्चित अवधि तोकिएका अनौपचारिक समूहहरू)

**(ज)** अनुसन्धान संस्थाहरू (अध्ययन तथा अनुसन्धानको क्षेत्रमा कार्य गर्ने)

**(झ)** सामुदायिक संस्थाहरू (निश्चित समुदायको विकासका लागि कार्य गर्ने स्थानीय संस्थाहरू)

**(३)** बाह्य स्रोत परिचालन नगरी आन्तरिक स्रोत तथा स्थानीय स्रोतबाट मात्र परिचालन हुने धार्मिक संस्थाहरू, उपभोक्ता समूहहरू, सामुदायिक संस्थाहरू लगायतका संस्थाहरू गाउँपालिकामा मात्र सूचीकृत गरी कार्य गर्न सकिनेछ। त्यस्ता संस्थाको विधानमा सो व्यवस्था उल्लेख भएको हुनुपर्नेछ र उक्त विधान गाउँपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ।

## ४. सामाजिक कार्यक्रम:

**(क)** गाउँपालिकाले स्थानीय तहमा सामाजिक संघसंस्थामार्फत सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकास कार्यक्रमहरू सञ्चालन गर्नेछ।

**(ख)** गाउँपालिकाले सामाजिक परिचालन लगायतका कार्य गर्दा दफा ३ बमोजिम सूचीकृत गैससहरूलाई प्राथमिकता दिई समन्वय तथा साझेदारी गर्नेछ।

**(ग)** संस्थाले आफ्नो उद्देश्यअनुसारका कार्यक्रमहरूमा खर्च गर्ने गरी आफ्नै स्रोत निर्माणका लागि आयमूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

**(घ)** गाउँपालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूर्ण गैरसरकारी संस्थाहरूको सूची अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन सक्नेछ।

## ५. स्थानीय दिगो विकास सम्बन्धी कार्यक्रम सञ्चालन:

गाउँपालिकामा दिगो विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकाले जनचेतनामूलक, सामाजिक परिचालन, क्षमता विकास, सशक्तीकरण, आयआर्जन तथा आर्थिक उपार्जन एवं पूर्वाधार विकासका क्षेत्रमा देहायबमोजिमका कार्यक्रमहरूलाई प्राथमिकता दिई विशेष कार्यक्रम छनोट गरी साझेदारीमा सञ्चालन गर्नेछः

**(क)** महिला, बालबालिका, किशोरकिशोरी, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, आदिवासी/जनजाति, दलित, विपन्न, असहाय, पछाडि पारिएका, एकल महिला, एचआईभी प्रभावित तथा संक्रमित, विपद् प्रभावित तथा सीमान्तकृत समुदायको हित तथा कल्याणसम्बन्धी कार्यक्रम।

**(ख)** रोजगार तथा स्वरोजगार सिर्जनासम्बन्धी कार्यक्रम।

(ग) स्थानीय विकासका लागि सहभागिता अभिवृद्धि गर्ने तथा समावेशीकरण, लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरणसम्बन्धी कार्यक्रम।

(घ) ऐन, कानून, मानव अधिकार, लोकतन्त्र, सुशासनको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रम।

(ङ) स्रोत—साधनमा पछाडि पारिएका समुदायहरूको पहुँच, स्वामित्व तथा नियन्त्रण अभिवृद्धि गर्ने कार्यक्रम।

(च) कृषि उत्पादन, खाद्य सुरक्षा तथा पोषणसम्बन्धी कार्यक्रम।

(छ) सामाजिक कुरीति तथा अन्धविश्वासविरुद्धका अभियान तथा कार्यक्रम।

(ज) गरिबी निवारण, आयआर्जन तथा सीप विकाससम्बन्धी कार्यक्रम।

(झ) नागरिक कर्तव्य तथा दायित्वसम्बन्धी सचेतना कार्यक्रम।

(ञ) वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकूलन तथा प्रभाव न्यूनीकरण एवं विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम।

(ट) स्वास्थ्य जनचेतना अभिवृद्धि तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रम।

(ठ) आधारभूत, माध्यमिक तथा प्राविधिक शिक्षाको शैक्षिक उद्देश्य परिपूर्ति गर्ने कार्यक्रम।

(ड) खानेपानी, सरसफाइ, जलस्रोत व्यवस्थापन, लघु तथा वैकल्पिक ऊर्जा विकाससम्बन्धी कार्यक्रम।

(ढ) भौतिक पूर्वाधार विकास, निर्माण तथा मर्मतसम्बन्धी कार्यक्रम।

(ण) संघीय सरकार, प्रदेश सरकार तथा दिगो विकास लक्ष्यको परिपूर्तिमा सहयोग पुग्ने कार्यक्रम।

## परिच्छेद—३
## कार्यक्रम सञ्चालन र समन्वय

### ६. गाउँपालिकासँग समन्वय:

(१) यस कार्यविधि अन्तर्गत सूचीकृत भएका र हुन चाहने संस्थाहरूका कार्यक्रमलाई समितिले अद्यावधिक गर्दै जानेछ। गाउँपालिकामा गैससमार्फत सञ्चालन हुने कार्यक्रमलाई आपसी समन्वय, सहयोग र संलग्नतामा सञ्चालन गरिनेछ। गैससले काम गर्ने क्षेत्रको कार्यक्रमको प्रकृति हेरी गाउँसभामा पेश गर्ने वा समन्वय वा जानकारी गराई काम गर्नुपर्नेछ।

(क) एक वर्षभन्दा छोटो अवधिका परियोजनाहरू, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रवर्द्धन, मानव अधिकार प्रवर्द्धन, सर्वेक्षण तथा अध्ययन—अनुसन्धानसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पूर्व गाउँपालिकालाई लिखित रूपमा जानकारी गराई कार्यक्रम सञ्चालन गर्ने। कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(ख) गाउँपालिकाको नियमित तथा विषयगत कामसँग मेल खाने प्रकृतिका परियोजना तथा कार्यक्रमहरू गाउँपालिकासँग समन्वय गरेर सञ्चालन गर्ने।

(ग) एक वर्षभन्दा लामो एवं बहुवर्षीय भौतिक निर्माणका परियोजना वा कुनै कार्यक्रम सञ्चालन गर्नु परेमा गाउँसभाबाट स्वीकृति लिएर मात्र सञ्चालन गर्नुपर्नेछ।

(२) गैससहरूले सञ्चालन गर्ने एक वर्षभन्दा लामो वा बहुवर्षीय परियोजना वा कार्यक्रम स्थानीय योजना तर्जुमा प्रक्रियामार्फत गाउँपालिकाको एकीकृत वार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरी पेश गर्नुपर्नेछ र गाउँसभाबाट स्वीकृत गराउनुपर्नेछ। यसको ढाँचा अनुसूची—२ बमोजिम हुनेछ।
(३) गाउँसभा सम्पन्न भएपछि गैससहरूको कार्यक्रम तथा बजेट स्वीकृत गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाबाट स्वीकृत गराई अर्को आर्थिक वर्षको गाउँसभाबाट अनुमोदन गराउन सकिनेछ।

**७. गैसस समन्वय समिति गठन:**
(१) गैससहरूसँग समन्वय तथा साझेदारी प्रवर्द्धन गर्न देहायबमोजिम **७ सदस्यीय गैसस समन्वय समिति** गठन गरिनेछ:
(क) गाउँपालिका उपाध्यक्ष- **संयोजक**
(ख) प्रमुख प्रशासकीय अधिकृत- **सदस्य**
(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक- **सदस्य**
(घ) गैसस महासंघको गाउँ समन्वय समितिको अध्यक्ष १ जना- **सदस्य**
(ङ) गाउँपालिका क्षेत्रमा कार्यरत गैससहरूमध्येबाट कम्तीमा १ जना महिला सहित समावेशी हुने गरी गाउँ कार्यपालिकाले मनोनयन गरेका २ जना प्रतिनिधि- **सदस्य**
(च) गाउँपालिकाको सामाजिक विकास शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी- **सदस्य—सचिव**

**८. गैसस समन्वय समितिको बैठक सम्बन्धी व्यवस्था:**
(१) समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ। आवश्यकता अनुसार बैठक बस्न सक्नेछ।
(२) बैठकको अध्यक्षता संयोजकले गर्नेछ। संयोजकको अनुपस्थितिमा समितिको सदस्य वा सामाजिक विकास समितिको संयोजकले अध्यक्षता गर्नेछ।
(३) बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ।
(४) बैठकको निर्णय सम्भव भएसम्म सर्वसम्मत रूपमा गरिनेछ। यदि मत बाझिएको अवस्थामा उपस्थित सदस्यहरूको सामान्य बहुमतका आधारमा निर्णय गरिनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।
(५) बैठकको छुट्टै निर्णय पुस्तिका राखिनेछ। बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णय प्रमाणित गरी सुरक्षित राख्नुपर्नेछ।
(६) समितिले आवश्यक ठानेमा कुनै व्यक्ति वा विषयविज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। तर आमन्त्रित व्यक्तिलाई मतदान गर्ने अधिकार हुनेछैन।
(७) बैठक सञ्चालनसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

**(८)** समितिका सदस्यहरूले प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछन्।

**९. समितिको काम, कर्तव्य र अधिकार:**

**(क)** गाउँपालिका क्षेत्रभित्र कार्य गर्ने गैससहरूलाई नियमानुसार सूचीकृत गर्ने।

**(ख)** गाउँपालिका र गैससबीच चौमासिक समीक्षा कार्यक्रम आयोजना गर्ने।

**(ग)** गैससका कार्यक्रमहरूको अनुगमनका लागि योजना बनाउने, कार्यान्वयन गर्ने, प्रतिवेदन तयार गर्ने तथा पृष्ठपोषण प्रदान गर्ने।

**(घ)** गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रम तथा विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि गैससको प्रतिनिधित्व सिफारिस गर्ने।

**(ङ)** गाउँपालिकाका कार्यक्रम गैससमार्फत सञ्चालन गर्नुपर्ने अवस्थामा सक्षम तथा दक्ष गैसस छनोटका लागि गाउँपालिकालाई सहयोग गर्ने।

**(च)** गाउँपालिकाको सबै चरणको योजना तर्जुमा प्रक्रियामा गैससको सहभागिता सुनिश्चित गर्ने तथा आवश्यक सहयोग गर्ने।

**(छ)** गैससलाई आवश्यक विभिन्न सिफारिस प्रदान गर्ने।

**(ज)** गैससको अभिलेख व्यवस्थित तथा अद्यावधिक राख्न सहयोग गर्ने।

**(झ)** गाउँ कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने।

**१०. संयोजकको काम, कर्तव्य र अधिकार:**

(क) समितिको बैठक बोलाउन सदस्य—सचिवलाई निर्देशन दिने।

(ख) बैठकको अध्यक्षता गर्ने।

(ग) समितिका सदस्यहरूलाई कामको बाँडफाँट गर्ने तथा सम्बन्धित कार्यहरूमा आवश्यक समन्वय गर्ने।

(घ) विषयगत योजना तर्जुमा समिति तथा एकीकृत योजना तर्जुमा समितिको बैठकमा गैससको सहभागिता सुनिश्चित गर्ने।

(ङ) समितिका विशेष कार्यक्रम सञ्चालन गर्न वित्तीय स्रोत जुटाउने तथा परिचालन गर्ने।

(च) समितिका काम, कारबाही तथा निर्णयहरू गाउँपालिकाको समीक्षा बैठकमा पेश गर्ने वा गराउने।

(छ) समितिका निर्णयहरू प्रमाणित गर्ने।

(ज) समितिको बैठक सहभागितामूलक रूपमा सञ्चालन गर्ने।

(झ) गाउँपालिकामा आवश्यकता अनुसार प्रतिवेदन पेश गर्ने वा गराउने।

(ञ) विषयगत शाखाहरूका सामाजिक विकाससम्बन्धी कार्यक्रम सञ्चालनमा आवश्यक समन्वय गर्ने वा गराउने।

(ट) गाउँसभाबाट निर्णय भई तोकिएका अन्य कार्यहरू गर्ने।

## ११. सदस्य—सचिवको काम, कर्तव्य र अधिकारः

समितिका सदस्य—सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) संयोजकको सल्लाह अनुसार बैठक बोलाउने, कार्यसूची (एजेण्डा) तयार गर्ने तथा बैठकमा निर्णयार्थ पेश गर्ने।

(ख) बैठकको निर्णय लेखन गर्ने तथा प्रमाणित गराउने।

(ग) समितिसँग सम्बन्धित सूचना, तथ्याङ्क तथा अभिलेख दुरुस्त राख्ने र अद्यावधिक गर्ने।

(घ) गाउँपालिकाका विषयगत शाखा वा अन्य इकाइसँग समन्वय गर्ने।

(ङ) प्रमुख प्रशासकीय अधिकृतलाई प्रतिवेदन दिने तथा आवश्यक जानकारी गराउने।

(च) गाउँपालिकाको सामाजिक विकास तथा संघसंस्था समन्वय शाखाबाट भएका सामाजिक विकाससम्बन्धी कार्यहरूको जानकारी समितिलाई गराउने।

(छ) गैससहरूको दर्ता तथा नवीकरणको अवस्थाबारे समितिलाई जानकारी गराउने।

(ज) संयोजक तथा समितिले तोकेका अन्य आवश्यक कार्य गर्ने।

## १२. सदस्यहरूको काम, कर्तव्य र अधिकारः

समितिका सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) समितिले सुम्पिएको जिम्मेवारी बहन गर्ने।

(ख) बैठकमा उपस्थित भई विषयवस्तुको छलफलमा सक्रियतापूर्वक सहभागी हुने।

(ग) बैठकका निर्णय कार्यान्वयनमा सहयोग गर्ने।

(घ) आवश्यक निर्णयका लागि मतदान गर्ने।

(ङ) समितिबाट तोकिएका कार्यहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने।

(च) आफ्नो कार्यक्षेत्रमा सञ्चालित सामाजिक विकास संस्था तथा संघसंस्थासम्बन्धी जानकारी समितिमा प्रस्तुत गर्ने।

## १३. गैसस समन्वय समितिको आचारसंहिताः

गैसस समन्वय समिति, यसका निर्णय तथा कामकारबाहीलाई विश्वासिलो, पारदर्शी तथा उत्तरदायी बनाउन देहायको आचारसंहिता पालना गरिनेछः

(क) सामाजिक विकासमा सबै पक्षको समन्वयका लागि प्रचलित कानूनको आधारमा निर्णय गरिनेछ।

(ख) प्रत्येक सदस्यले प्रस्तावका सम्बन्धमा आफ्ना विचार स्वस्थ, रचनात्मक तथा स्पष्ट रूपमा प्रस्तुत गर्नेछ।

(ग) कुनै संघसंस्था वा व्यक्तिप्रति पक्षपातपूर्ण व्यवहार वा भेदभाव गरिने छैन।

(घ) स्थानीय सामाजिक विकास संस्था तथा संघसंस्थाप्रति समन्वयकारी भूमिका निर्वाह गरिनेछ।

(ङ) समितिका निर्णयप्रति सबै सदस्य उत्तरदायी रहनेछन्।

(च) समितिका कार्य पारदर्शी तथा वस्तुनिष्ठ हुनेछन्।

(छ) समितिका निर्णय आवश्यकताअनुसार सार्वजनिक गरिनेछन्।

**१४. पदावधि सम्बन्धी व्यवस्था:**

(क) पदेन सदस्य बाहेकका अन्य सदस्यहरूको पदावधि **दुई वर्ष**को हुनेछ।

(ख) पदेन सदस्य बाहेकका सदस्यहरू पुनः मनोनयन हुन सक्नेछन्।

**१५. पदत्याग गर्न सक्ने:**

(क) पदेन सदस्य बाहेकका सदस्यले संयोजकमार्फत लिखित राजीनामा दिई पदत्याग गर्न सक्नेछन्।

(ख) उपदफा (क) बमोजिमको राजीनामा स्वीकृत भएपछि मात्र पदत्याग गरेको मानिनेछ।

(ग) राजीनामा स्वीकृत भई रिक्त भएको पदमा बाँकी अवधिका लागि समितिले मनोनयन गर्नेछ।

**१६. सदस्यता कायम नरहने:**

देहायको अवस्थामा पदेन सदस्य बाहेकका सदस्यको सदस्यता कायम रहने छैनः

(क) राजीनामा स्वीकृत भएमा।

(ख) मनासिब कारणसहितको लिखित सूचना नदिई लगातार तीन पटक नियमित बैठकमा अनुपस्थित भएमा।

(ग) प्रचलित कानूनबमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा।

(घ) यस कार्यविधिको सिद्धान्त तथा उद्देश्यविपरीत कार्य गरेको भनी समितिले प्रमाणित गरेमा।

(ङ) पदावधि समाप्त भएमा।

(च) मृत्यु भएमा।

(छ) समितिको कोष हिनामिना गरेको प्रमाणित भएमा।

**तर**, उपदफा (ख), (घ) र (छ) बमोजिमको अवस्थामा सम्बन्धित सदस्यलाई सफाइ पेश गर्ने उचित अवसर प्रदान गरिनेछ।

**१७. प्रगति प्रतिवेदन पेश गर्नुपर्ने:**

(१) यस गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्ने गरी सूचीकृत भएका सबै गैससहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको **चार महिनाभित्र** लेखापरीक्षण प्रतिवेदन तथा वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

**१८. सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सम्बन्धी व्यवस्था:**

(१) गैरसरकारी संस्थाले सञ्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम तथा उपलब्धिका सम्बन्धमा कार्यक्रम कार्यान्वयन भएको स्थानका सरोकारवाला, स्थानीय जनप्रतिनिधि, समाजसेवी,

सञ्चारकर्मी, नागरिक समाज तथा उपभोक्ताको सहभागितामा प्रत्येक वर्ष सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ।
(२) गाउँपालिकाले गैरसरकारी संस्थाका लागि सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ सम्बन्धी छुट्टै कार्यविधि वा मार्गदर्शन जारी गर्न सक्नेछ।

**१९. गैरसरकारी संस्थामा स्थानीय तहको संलग्नता:**
(१) गाउँपालिकाका पदाधिकारी तथा कार्यरत कर्मचारीहरू संघीय कानूनबमोजिम दर्ता भएका गैरसरकारी संस्थाका सदस्य, कार्यसमितिका सदस्य, पदाधिकारी वा कर्मचारीका रूपमा संलग्न हुन पाउने छैनन्।

**२०. गैससको प्रतिनिधित्व:**
(१) गाउँपालिकाका विभिन्न विषयगत समितिहरू तथा नेपाल सरकारबाट गठन हुने गैरसरकारी संस्थासम्बन्धी विभिन्न समिति वा उपसमितिमा आवश्यकताअनुसार विषयगत गैरसरकारी संस्थाको प्रतिनिधित्व गराउन सकिनेछ।

**२१. कार्यक्रमको विवरण सार्वजनिक गर्नुपर्ने:**
यस कार्यविधिबमोजिम सूचीकृत प्रत्येक गैरसरकारी संस्थाले आफूले सञ्चालन गर्ने तथा सञ्चालन गरिरहेको कार्यक्रम, उद्देश्य, कार्यक्षेत्र, स्रोत र सम्पर्क विवरण सम्बन्धित संस्थाको कार्यालयमा सर्वसाधारणले देख्ने स्थानमा टाँस गरी तथा आवश्यकताअनुसार अन्य माध्यमबाट समेत सार्वजनिक गर्नुपर्नेछ।

## परिच्छेद–४
## गैरसरकारी संस्था र गाउँपालिकाको योजना तर्जुमा

**२२. योजना तर्जुमा प्रक्रियामा गैससहरूको सहभागिता :**
(१) गाउँपालिकाको योजना निर्माण प्रक्रियामा गैरसरकारी संस्थाहरूले आवश्यक सहयोग गर्नुपर्नेछ।
(२) सम्बन्धित विषय र क्षेत्रको सूचना संकलनमा गाउँपालिकाको आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ।
(३) गाउँपालिकाको योजना निर्माण प्रक्रियाको प्रारम्भिक चरणदेखि नै बैठकमा सम्बन्धित गैससहरूको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ।
(४) गैससहरूले सम्बन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन गाउँपालिकालाई सहयोग गर्नुपर्नेछ।
(५) गैससहरूले स्थानीय तहका योजना निर्माण र कार्यान्वयनबारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्नेछ।

**२३. योजना कार्यान्वयन र साझेदारी :**

(१) गाउँपालिका र विषयगत कार्यालयहरूको योजना कार्यान्वयनमा गैससहरूले आफ्नो स्रोत र क्षमताअनुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्नुपर्नेछ।

(२) गाउँपालिकामा सञ्चालित विकास आयोजनाहरूको गुणस्तर अभिवृद्धिका लागि अनुरोध भई आएमा आवश्यकतानुसार ज्ञान, सीप, परामर्श तथा सुझाव उपलब्ध गराउनुपर्नेछ।

(३) परियोजना समीक्षा बैठकहरूमा सहभागी हुने र पृष्ठपोषण दिनुपर्नेछ।

(४) गाउँपालिकाले विभिन्न विषयगत क्षेत्रका कार्यक्रमहरू प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकामा सूचीकृत भएका गैससहरूलाई छनौट गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरी परिचालन गर्न सक्नेछ।

(५) गाउँपालिका र गैससबीच नियमित समन्वय, सहकार्य र साझेदारी हुनुपर्नेछ।

**२४. स्थानीय योजना अनुगमन तथा मूल्याङ्कन :**

(१) गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रम तथा विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा विषयगत गैससहरूलाई गैसस समन्वय समितिको सिफारिसका आधारमा प्रत्यक्ष सहभागी गराउन सकिनेछ।

(२) गाउँपालिकाले स्वतन्त्र रूपमा कार्यक्रम तथा विकास आयोजनाको तेस्रो पक्ष मूल्याङ्कन गर्नेछ, जसमा गाउँपालिकामा सूचीकृत भएका दक्ष गैससहरूलाई प्राथमिकता दिन सकिनेछ।

**२५. गैससका कार्यक्रम अनुगमन :**

(१) गाउँपालिकामा सञ्चालित गैससहरूको परियोजना तथा कार्यक्रमको अनुगमन गरिनेछ। अनुगमन कार्यको योजना तथा कार्यान्वयन गैसस समन्वय समिति मार्फत हुनेछ। वडा समितिको प्रतिनिधित्व अनिवार्य गर्दै अनुगमनमा सम्बन्धित गैसस समेतको प्रतिनिधित्व गराइनेछ। अनुगमन पश्चात् अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरू सम्बन्धित गैससले पालना गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमनका लागि गाउँपालिका, सम्बन्धित गैसस तथा अन्य सहयोगीबाट **अनुगमन कोष** स्थापना गरी सोही कोषबाट खर्च गर्न सकिनेछ।

## परिच्छेद–५
## वैदेशिक सहयोग तथा अन्तर्राष्ट्रिय गैसस सम्बन्धमा

**२६. वैदेशिक सहयोग :**

गाउँपालिकामा परिचालन हुने वैदेशिक सहयोग गाउँपालिकाभित्र गाउँपालिकामा सूचीकृत गैससहरूमार्फत मात्र परिचालन गरिनेछ।

**२७. एकद्वार प्रणाली सम्बन्धमा :**

(१) गाउँपालिकामा कार्यक्षेत्र रहेका सम्पूर्ण गैससहरूले कार्यक्रमहरूमा दोहोरोपन हुन नदिन **एकद्वार प्रणाली** अपनाउनुपर्नेछ। सोका लागि सबै गैससहरू अनिवार्य रूपमा गाउँपालिकामा सूचीकृत हुनुपर्नेछ। साथै, कार्यक्रम गाउँसभाबाट पारित गर्नुपर्ने वा गैससमार्फत कार्यक्रमको पूर्वस्वीकृति लिएर मात्र कार्यान्वयन गर्नुपर्नेछ।

**२८. अन्तर्राष्ट्रिय गैसस सम्बन्धमा :**

(१) गाउँपालिकामा काम गर्न चाहने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गाउँपालिकामा सूचीकृत भएका गैरसरकारी संस्थामार्फत मात्र कार्य गर्नुपर्नेछ।

(२) कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नो कार्यक्षेत्र रहेको गाउँपालिकामा कार्यालय राखी कार्यक्रमको प्रत्यक्ष कार्यान्वयन गर्न पाउने छैन।

## परिच्छेद—६
## सिफारिस प्रक्रिया

**२९. सिफारिस सम्बन्धी व्यवस्था :**

नयाँ संस्था दर्ता गर्न, पुराना संस्थाहरूको नवीकरण गर्न, अन्य जिल्ला तथा स्थानीय तहमा केन्द्रीय कार्यालय रही यस गाउँपालिकामा शाखा दर्ता गर्न, संस्थाको विधान संशोधन गर्न जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने तथा दातृ निकाय र अन्य निकायमा संस्थाको कुनै विषयमा सिफारिस गर्ने कार्य गाउँपालिकाको **सामाजिक विकास शाखाबाट** गरिनेछ। सिफारिसका लागि देहायका कागजातहरू संलग्न राख्नुपर्नेछ।

**२९.१ नयाँ संस्था दर्ताको सिफारिस गर्न आवश्यक कागजातहरू :**

१. अनुसूची—३ मा उल्लेख भएको ढाँचाअनुसारको निवेदन १ थान।

२. प्रारम्भिक भेलाले पारित गरेको संस्थाको विधान १ थान।

३. प्रारम्भिक भेलाले संस्था दर्ताका लागि तदर्थ समितिको गठन तथा संस्था दर्ता गर्न गरेको निर्णयको प्रतिलिपि १ थान।

४. संस्थाको दर्ताका लागि गठित तदर्थ समितिका पदाधिकारीहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान।

५. अनुसूची—४ मा उल्लेख भएको ढाँचाअनुसारको विवरण भरेको फाराम १ थान।

६. गाउँपालिकाले तोकेअनुसारको सिफारिस दस्तुर बुझाएको भौचर वा नगदी रसिद १ थान।

७. सम्पूर्ण आवश्यक कागजातसहित प्राप्त निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा नयाँ संस्था दर्ताका लागि निवेदन दर्ता मितिले सिफारिस दिने कार्यमा **७ दिनसम्म** समय लाग्न सक्नेछ। आवश्यकता अनुसार विधान अध्ययन तथा छलफलका लागि समितिको बैठक बस्न सक्नेछ। निवेदकले

व्यवस्थित फाइलिङका लागि सम्पूर्ण कागजातहरू ब्यान्डिङसहित गुणस्तरीय फाइलमा फाइलिङ गरी पेश गर्नुपर्नेछ।

८. संस्थाको कार्यालय रहने वडा कार्यालयको सिफारिस पत्र।

**२९.२ पुराना संस्थाहरूको नवीकरण सिफारिस गर्न आवश्यक कागजातहरू :**

१. अनुसूची—५ को ढाँचाअनुसार संस्था नवीकरणका लागि संस्थाको आधिकारिक पत्र १ थान।

२. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन १ थान।

३. अघिल्लो आर्थिक वर्षको प्रगति विवरण ४ पानासम्म १ थान (अनुसूची—६ अनुसार)।

४. चालु वा आगामी आर्थिक वर्षको कार्यक्रम विवरण २ पानासम्म १ थान (अनुसूची—७ अनुसार)।

५. सम्बन्धित निकायबाट प्राप्त नवीकरण सम्बन्धी सिफारिस पत्र १ थान।

६. स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाणपत्रको प्रतिलिपि १ थान।

७. गाउँपालिकाले तोकेअनुसारको दस्तुर बुझाएको भौचर वा नगदी रसिद १ थान।

८. प्रत्येक वर्ष आश्विन मसान्तभन्दा पछि नवीकरण सिफारिस गर्दा विलम्ब दस्तुर देहायबमोजिम लाग्नेछ :

| **समय सीमा** | **विलम्ब दस्तुर** |
|---|---|
| सोही वर्ष पौष मसान्तसम्म | दस्तुरको ५० प्रतिशत थप |
| सोही वर्ष चैत मसान्तसम्म | दस्तुरको ७५ प्रतिशत थप |
| सोही वर्ष असार मसान्तसम्म | दस्तुरको १०० प्रतिशत थप |
| विगत एक आर्थिक वर्षभन्दा बढी अवधिको लागि | प्रत्येक आर्थिक वर्षका लागि दस्तुरको १०० प्रतिशत थप |

९. सम्पूर्ण आवश्यक कागजातसहित प्राप्त निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा दर्ता मितिकै दिनमा गाउँपालिकाले सिफारिस दिनेछ। साथै, व्यवस्थित फाइलिङका लागि सम्पूर्ण कागजातहरू फाइलमा फाइलिङ गरी पेश गर्नुपर्नेछ।

**२९.३ दातृ संस्था तथा अन्य निकायहरूमा संस्थाको कुनै विषयका लागि सिफारिस गर्न आवश्यक कागजातहरू :**

१. सिफारिस माग सम्बन्धी संस्थाको आधिकारिक पत्र।

२. सिफारिस गरिने विषयसँग सम्बन्धित प्रमाणहरू।

३. गाउँपालिकाले तोकेअनुसारको सिफारिस दस्तुर बुझाएको भौचर वा नगदी रसिद।

४. सम्पूर्ण आवश्यक कागजातसहित निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा दर्ता मितिकै दिनमा गाउँपालिकाले सिफारिस दिनेछ।

**२९.४ अन्य तहमा केन्द्रीय कार्यालय रही यस गाउँपालिकामा शाखा दर्ताका लागि सिफारिस गर्न आवश्यक कागजातहरू :**

१. संस्थाको आधिकारिक पत्र।

२. कार्यसमितिको शाखा दर्ता सम्बन्धी निर्णयको प्रतिलिपि १ थान।
३. संस्थाको विधान।
४. संस्थाका कार्यसमितिका पदाधिकारीहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
५. अनुसूची—८ मा उल्लेख भएको ढाँचाअनुसारको फाराममा विवरण भरेको १ प्रति।
६. गाउँपालिकाले तोकेको सिफारिस दस्तुर बुझाएको भौचर वा नगदी रसिद।
७. सम्पूर्ण आवश्यक कागजातसहित प्राप्त निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा शाखा दर्ताका लागि निवेदन दर्ता मितिले सिफारिस दिने कार्यमा **५ दिनसम्म** समय लाग्न सक्नेछ। विधान अध्ययन तथा छलफलका लागि समितिको बैठकमा राख्न सकिनेछ।
८. संस्थाको कार्यालय रहने वडा कार्यालयको सिफारिस पत्र।

**२९.५ संस्थाको विधान संशोधनका लागि सिफारिस गर्न आवश्यक कागजातहरू :**

१. संस्थाको आधिकारिक पत्र।
२. विधान संशोधन सम्बन्धी साधारण सभाको निर्णयको प्रतिलिपि।
३. संस्थाको संशोधित विधानको पुष्टि हुने गरी संशोधित दफा, उपदफाहरू तथा अनुसूचीसहितको प्रतिलिपि १ थान।
४. गाउँपालिकाले तोकेअनुसारको सिफारिस दस्तुर बुझाएको भौचर वा नगदी रसिद।
५. सम्पूर्ण आवश्यक कागजातसहित प्राप्त निवेदन दर्ता भई सबै कागजात उपयुक्त रहेको अवस्थामा दर्ता मितिकै दिनमा यथाशीघ्र सिफारिस दिनुपर्नेछ।

**नोट :** अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा एचआइभी संक्रमित स्वयं मात्र आबद्ध एवं सम्मिलित (सम्बन्धित निकायको परिचयपत्र भएका) व्यक्तिहरूद्वारा सञ्चालित संस्थाका लागि लाग्ने दस्तुरमा **५० प्रतिशत छुट** हुनेछ।

## परिच्छेद—७
## विविध

### ३०. पुरस्कार र प्रोत्साहन :

गाउँपालिकाले सामाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडि पारिएका वर्ग र समुदायको हित, कल्याण र सशक्तीकरणका लागि उल्लेख्य योगदान पुऱ्याउने व्यक्ति वा गैससहरूलाई प्रोत्साहित गर्न सामाजिक सेवा पुरस्कारको स्थापना तथा वितरण गर्न सक्नेछ।

### ३१. सामाजिक विकास कोष :

गैरसरकारी संस्थाहरूमा कार्यरत कार्यसमिति, कर्मचारी एवं स्वयंसेवकहरूको थप क्षमता विकासका लागि गाउँपालिकाले सामाजिक विकास कोषको स्थापना गरी परिचालन गर्न सक्नेछ।

### ३२. दण्ड सजाय :

गाउँपालिकामा कार्यरत गैरसरकारी संस्थाहरूले काम गर्ने क्रममा आर्थिक हिनामिना वा प्रचलित कानूनविपरीत कार्य गरेको पाइएमा त्यस्ता संस्थाहरूलाई काम गर्न रोक वा खारेजीका लागि दर्ता गर्ने निकायसमक्ष सिफारिस गर्न सक्नेछ। तर, सो अगाडि उक्त संस्थालाई स्पष्टीकरण पेश गर्ने अवसर प्रदान गर्नुपर्नेछ वा आवश्यक विवरण माग गर्नुपर्नेछ।

**३३. मार्गनिर्देशिका बनाउने अधिकार :**

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक मार्गनिर्देशिका बनाउन सक्नेछ।

**३४. कार्यविधि संशोधन :**

(क) यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा समितिले संशोधनको प्रस्ताव तयार गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(ख) समितिबाट पेश भएको कार्यविधि संशोधनको प्रस्तावमा गाउँपालिकाले आवश्यक छलफल गरी आवश्यकता अनुसार संशोधन पारित गर्नुपर्नेछ।

(ग) गाउँपालिकाबाट पारित भएपछि संशोधन लागू हुनेछ।

**३५. अधिकार प्रत्यायोजन :**

समितिले यस कार्यविधिबमोजिम प्राप्त अधिकार निश्चित समयावधि र विषयमा समितिको निर्णयबाट तोकिएको सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३६. प्रमाणित तथा पत्राचार :**

समितिको पत्राचार तथा कागजात प्रमाणित गर्न गाउँपालिकाको छाप तथा लेटरप्याड प्रयोग गर्नुपर्नेछ।

**३७. आचारसंहिता :**

यस गाउँपालिकामा सूचीकृत भएका सबै गैससहरूले **अनुसूची—९** बमोजिमको आचारसंहिता पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्नेछ। साथै, गैरसरकारी संस्थाहरूका छाता संगठनहरू वा गैरसरकारी संस्थाहरू स्वयंले आचारसंहिता निर्माण गरी लागू गर्नुपर्नेछ।

**३८. बाधा अड्काउ फुकाउने अधिकार :**

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। तर, त्यस्तो आदेश गाउँपालिकाको कार्यपालिकाको त्यसलगत्तै बस्ने बैठकबाट अनुमोदन गर्नुपर्नेछ। यदि अनुमोदन नगरेमा वा नभएमा त्यस्तो आदेश स्वतः निष्क्रिय हुनेछ।

**३९. बचाउ र लागू नहुने :**

(१) यस कार्यविधिमा लेखिएको हकमा यसैबमोजिम र नलेखिएको कुरामा प्रदेश, संघीय एवं प्रचलित कानूनबमोजिम हुनेछ।
(२) संविधान तथा अन्य माथिल्ला तहका सरकारका कानूनसँग बाझिएको हदसम्म यस कार्यविधिका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन्।

**अनुसूची—१**
**(परिच्छेद—२, दफा ३(१) बमोजिम)**
**सूचीकृत प्रमाणपत्र**

**सूचीकृत नं. : .................**

...................................................................

**(संस्थाको नाम र ठेगाना)**

लाई **शिवालय गाउँपालिकाको गैरसरकारी संस्था सञ्चालन कार्यविधि, २०८२** को **परिच्छेद—२ को दफा ३(१)** बमोजिम मिति .......... साल .......... महिना .......... गते यस गाउँपालिकामा सूचीकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

मिति : ...............................

**.............................................**
**प्रमुख प्रशासकीय अधिकृत**
**शिवालय गाउँपालिका**

# अनुसूची—२
## (परिच्छेद—३, दफा ६(२) बमोजिम)
## गाउँ सभामा पेश गर्ने संस्थाको आगामी आर्थिक वर्षको कार्यक्रम विवरण

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको अपेक्षा तथा उद्देश्य | कार्यक्रम लागू हुने क्षेत्र | कार्यक्रम लागू हुने समय | कार्यक्रमका लागि बजेट | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

**विवरण तयार गर्ने**

नाम : ..............................................

पद : ................................................

हस्ताक्षर : ..........................................

मिति : ...............................................

**प्रमाणित गर्ने**

नाम : ..............................................

पद : ................................................

हस्ताक्षर : ..........................................

मिति : ...............................................

**संस्थाको छाप**

**अनुसूची—३**
**(परिच्छेद—३ को दफा ६ को उपदफा (२) बमोजिम)**
**नयाँ संस्था दर्ता सिफारिस**

**श्री अध्यक्षज्यू**
**शिवालय गाउँ कार्यपालिका**
**शिवालय गाउँपालिका, जाजरकोट**

**मिति : ————**

**विषयः नयाँ संस्था दर्ताका लागि सिफारिस पाउँ।**

उपरोक्त सम्बन्धमा (संस्थाको मुख्य उद्देश्य लेख्ने) .............................................................. मुख्य उद्देश्य राखी (संस्थाको पूरा नाम लेख्ने) ............................................................................ नामको (संस्थाको पूरा ठेगाना) ............................................................................................ ठेगानामा कार्यालय रहने गरी संस्था स्थापना गर्न (संस्थाको पूरा नाम लेख्ने) ............................................................................................ संस्थाका सदस्यहरूको निर्णयबाट आवश्यक पर्ने सम्पूर्ण कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौं। अतः जिल्ला प्रशासन कार्यालय, जाजरकोटमा संस्था दर्ताका लागि सिफारिस गरिदिनुहुन अनुरोध गर्दछौं।

निवेदक
हस्ताक्षर : ..................................
नाम : ........................................
पद : ..........................................
संस्थाको छाप

**संस्थाको मुख्य उद्देश्यहरू**

१. ..................................................................
२. ..................................................................
३. ..................................................................

**संस्था दर्ताका लागि गठित तदर्थ कार्य सञ्चालन समितिको विवरण**

| **क्र.सं.** | **नाम, थर** | **बाबुको नाम** | **आमाको नाम** | **बाजेको नाम** | **पति/पत्नीको नाम** | **पद** | **स्थायी ठेगाना** | **शैक्षिक योग्यता** | **दस्तखत** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

**अनुसूची—४**
**(परिच्छेद—३ को दफा ६ को उपदफा (२) बमोजिम)**
**संस्थागत विवरण**

**१. संस्थाको नाम**

**नेपालीमा :** ............................................

**अंग्रेजीमा :** ............................................

**छोटकरीमा :** ............................................

**२. संस्थाको ठेगाना**

(क) केन्द्रीय कार्यालय

प्रदेश : ..............................

जिल्ला : जाजरकोट

स्थानीय तह : शिवालय गाउँपालिका

वडा नं. : .........

टोल : ................................

टेलिफोन नं. : ...........................

फ्याक्स नं. : ............................

इमेल : ....................................

पोष्ट बक्स नं. : ......................

वेबसाइट : ...............................

सम्पर्क व्यक्तिको नाम : ............................

पद : .............................................

मोबाइल नं. : ....................................

**३. प्रारम्भिक साधारण सभा भएको मिति**

....................................

**४. संस्थाका सदस्यहरूको विवरण**

सदस्यताको प्रकार : ....................................

महिला : .............

पुरुष : .............

तेस्रो लिङ्गी : .............

जम्मा : .............

दलित : .............

आदिवासी/जनजाति : .............

अल्पसंख्यक/लोपोन्मुख : .............

अपाङ्गता भएका : .............

एकल महिला : .............

एचआईभी संक्रमित : .............

**५. संस्थाको कार्यक्षेत्र (विषयगत)**

..........................................................

**६. संस्थाको कार्यक्षेत्र (भौगोलिक)**

..........................................................

**७. कार्यसमितिको कार्य अवधि तथा निर्वाचन मिति**

..........................................................

**८. कार्यसमितिको विवरण**

| क्र.सं. | नाम | बाबुको नाम | आमाको नाम | बाजेको नाम | पति/पत्नीको नाम | पद | स्थायी ठेगाना | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

**विवरण तयार गर्ने**

नाम : ..........................

पद : ............................

हस्ताक्षर : ......................

मिति : ..........................

**प्रमाणित गर्ने**

नाम : ..........................

पद : ............................

हस्ताक्षर : ......................

मिति : ..........................

**अनुसूची—५**
**(परिच्छेद—६, दफा २९.२(१) बमोजिम)**
**संस्था नवीकरण सिफारिस**

**श्री अध्यक्षज्यू**
**शिवालय गाउँ कार्यपालिका**
**शिवालय गाउँपालिका, जाजरकोट**

**मिति : ————**

**विषय : संस्था नवीकरणका लागि सिफारिस पाउँ।**

उपरोक्त सम्बन्धमा ................ जिल्लामा दर्ता भएको दर्ता नं. ................ को ............................................................ नामको ............................................................ ठेगानाको यस संस्थाको आर्थिक वर्ष ....................... का लागि नवीकरण गर्न आवश्यक पर्ने सम्पूर्ण कागजात संलग्न राखी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा नवीकरणका लागि सिफारिस गरिदिनुहुन अनुरोध गर्दछु/गर्दछौं।

निवेदक
नाम : .....................................
पद : .......................................
हस्ताक्षर : ..................................
संस्थाको छाप

**अनुसूची–६**
**(परिच्छेद–६, दफा २९.२(३) बमोजिम)**
**संस्थागत विवरण**

**१. संस्थाको नाम**

**नेपालीमा :** .......................................
**अंग्रेजीमा :** .......................................
**छोटकरीमा :** .......................................

**२. संस्थाको ठेगाना**

(क) केन्द्रीय कार्यालय
प्रदेश : कर्णाली
जिल्ला : जाजरकोट
स्थानीय तह : शिवालय गाउँपालिका
वडा नं. ............
टोल ....................................
टेलिफोन नं. ............................
फ्याक्स नं. .............................
इमेल .....................................
पोष्ट बक्स नं. ...........................
वेबसाइट ...................................
सम्पर्क व्यक्तिको नाम ....................................
पद ..........................................
मोबाइल नं. .................................

(ख) अन्य सम्बन्धित कार्यालय
प्रदेश .....................................
जिल्ला ......................................
स्थानीय तह ..................................
वडा नं. .........
टोल .....................................
टेलिफोन नं. ...........................
फ्याक्स नं. ...........................

इमेल ..................................
पोष्ट बक्स नं. ........................
वेबसाइट .................................
सम्पर्क व्यक्तिको नाम ........................
पद .......................................
मोबाइल नं. ..............................

**३. संस्था दर्ता तथा आबद्धता सम्बन्धी विवरण**

दर्ता भएको कार्यालय ........................................
जिल्ला ....................................................
दर्ता मिति ...............................................
दर्ता नं. ..................................................
पछिल्लो नवीकरण मिति ....................................
आबद्धता भएको कार्यालय ..................................
आबद्धता जिल्ला ..........................................
आबद्धता मिति ............................................
आबद्धता नं. ...............................................
पछिल्लो आबद्धता नवीकरण मिति ..........................
आबद्धता नवीकरण अवधि ..................................

**४. पछिल्लो साधारण सभा भएको मिति**

....................................................

**५. संस्थाका सदस्यहरूको विवरण**

सदस्यताको प्रकार ....................................
महिला ............
पुरुष ............
तेस्रो लिङ्गी ............
जम्मा ............
दलित ............
आदिवासी/जनजाति ............
अल्पसंख्यक/लोपोन्मुख ............
अपाङ्गता भएका ............

एकल महिला …………
एचआईभी संक्रमित …………

**६. संस्थाको कार्यक्षेत्र (विषयगत)**

……………………………………………………

**७. संस्थाको कार्यक्षेत्र (भौगोलिक)**

……………………………………………………

**८. कार्यसमितिको कार्य अवधि तथा पछिल्लो निर्वाचन मिति**

……………………………………………………

**९. कार्यसमितिको विवरण**

| क्र.सं. | नाम थर | बाबुको नाम | आमाको नाम | बाजेको नाम | पति/पत्नीको नाम | पद | स्थायी ठेगाना | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

**१०. संस्थाले गत आर्थिक वर्षमा सञ्चालन गरेको कार्यक्रमको विवरण**

| क्र.सं. | कार्यक्रमको नाम | मुख्य लक्ष्य/उद्देश्य | कार्यक्षेत्र | कार्यक्रम अवधि | कुल बजेट | गत आर्थिक वर्षमा खर्च | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

**११. संस्थाको अध्ययन, अनुसन्धान तथा प्रकाशनको विवरण**

……………………………………………………………
……………………………………………………………

**१२. संस्थाको अचल सम्पत्तिको विवरण**

| क्र.सं. | विवरण | संख्या/परिमाण | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | जग्गा | | | |
| २ | सामग्री (उपकरण) | | | |
| ३ | भवन | | | |
| ४ | सवारी साधन | | | |
| ५ | फर्निचर | | | |
| ६ | अन्य | | | |

**विवरण तयार गर्ने**

नाम : ..............................

पद : ................................

हस्ताक्षर : ..........................

मिति : ...............................

**प्रमाणित गर्ने**

नाम : ..............................

पद : ................................

हस्ताक्षर : ..........................

मिति : ...............................

संस्थाको छाप

**अनुसूची—७**

**(परिच्छेद—६, दफा २९.२(४) बमोजिम)**

**चालु आर्थिक वर्षमा सञ्चालित कार्यक्रमको विवरण**

| क्र.सं. | कार्यक्रमको नाम | मुख्य लक्ष्य/उद्देश्य | कार्यक्षेत्र | कार्यक्रमको अवधि | कार्यक्रमको कुल बजेट | यस आ.व.को बजेट | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

**विवरण तयार गर्ने**

नाम : ............................................

पद : ..............................................

मिति : ............................................

हस्ताक्षर : .......................................

**प्रमाणित गर्ने**

नाम : ............................................

पद : ..............................................

मिति : ............................................

हस्ताक्षर : .......................................

**संस्थाको छाप**

**अनुसूची–८**
**(परिच्छेद–६, दफा २९.४(५) बमोजिम)**
**संस्थागत विवरण**

**१. संस्थाको नाम**
**नेपालीमा :** .............................................................
**अंग्रेजीमा :** ...........................................................
**छोटकरीमा :** ...........................................................

**२. संस्थाको ठेगाना**
(क) केन्द्रीय कार्यालय
प्रदेश : कर्णाली
जिल्ला : जाजरकोट
स्थानीय तह : शिवालय गाउँपालिका
वडा नं. ................
टोल ....................................
टेलिफोन नं. ............................
फ्याक्स नं. .............................
इमेल .....................................
पोष्ट बक्स नं. ..........................
वेबसाइट ...................................
सम्पर्क व्यक्तिको नाम ...................................
पद ...........................................
मोबाइल नं. ...................................

(ख) अन्य सम्बन्धित कार्यालय
प्रदेश ....................................
जिल्ला .....................................
स्थानीय तह ...................................
वडा नं. ................
टोल ........................................
टेलिफोन नं. ................................
फ्याक्स नं. ..................................

इमेल ........................................
सम्पर्क व्यक्तिको नाम ............................
पद ..............................................
मोबाइल नं. ..................................

३. गत आर्थिक वर्षमा कारोबार भएको जम्मा बजेट
रु. ...........................................

४. संस्थाको पछिल्लो साधारण सभा भएको मिति
..................................................

५. संस्थाको कार्यक्षेत्र (विषयगत)
..................................................

६. संस्थाको कार्यक्षेत्र (भौगोलिक)
..................................................

७. कार्यसमितिको कार्य अवधि तथा पछिल्लो निर्वाचन मिति
..................................................

८. कार्यसमितिको विवरण

| क्र.सं. | नाम थर | बाबुको नाम | आमाको नाम | बाजेको नाम | पति/पत्नीको नाम | पद | स्थायी ठेगाना | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

९. संस्थाको अध्ययन, अनुसन्धान तथा प्रकाशन
....................................................................
....................................................................

१०. संस्थाको अचल सम्पत्तिको विवरण

| क्र.सं. | विवरण | संख्या/परिमाण | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | जग्गा (क्षेत्रफल) | | | |
| २ | सामग्री (उपकरण) | | | |
| ३ | भवन (भवन संख्या, तला, कोठा संख्या) | | | |
| ४ | सवारी साधन (प्रकार, संख्या) | | | |
| ५ | फर्निचर | | | |
| ६ | अन्य | | | |

**विवरण तयार गर्ने**

नाम : ........................................

पद : ..........................................

हस्ताक्षर : ....................................

मिति : ........................................

**प्रमाणित गर्ने**

नाम : ........................................

पद : ..........................................

हस्ताक्षर : ....................................

मिति : ........................................

**संस्थाको छाप**

**अनुसूची—९**

**(परिच्छेद—७, दफा ३७ बमोजिम)**

**शिवालय गाउँपालिकामा सूचीकृत भएका गैरसरकारी संस्थाले पालना गर्नुपर्ने आचारसंहिता**

१. संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको **तीन महिनाभित्र** वार्षिक साधारण सभा सम्पन्न गर्नुपर्नेछ।

२. आर्थिक वर्ष समाप्त भएको **तीन महिनाभित्र** बाह्य वार्षिक लेखापरीक्षण सम्पन्न गरी सो प्रतिवेदन वार्षिक साधारण सभाबाट अनुमोदन गराउनुपर्नेछ।

३. संस्थाको विधानमा उल्लेख भएबमोजिमको अवधिमा लोकतान्त्रिक प्रक्रियाबाट कार्यसमितिको निर्वाचन सम्पन्न गर्नुपर्नेछ।

४. संस्थामा आबद्ध समूह तथा सञ्चालन गरिएका कार्यक्रमहरूलाई कुनै पनि राजनीतिक लाभ—हानिका लागि प्रयोग गर्न पाइनेछैन।

५. संस्थाले धार्मिक, सामाजिक तथा साम्प्रदायिक सद्भावमा असर पर्ने, राजनीतिक पक्ष—विपक्षमा लाग्ने वा अनुचित प्रभाव पार्ने गतिविधि सञ्चालन गर्न पाइनेछैन।

६. बाह्य सहयोगमा सञ्चालन हुने कार्यक्रमका सम्बन्धमा प्रत्येक वर्ष सरोकारवालाको सहभागितामा सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ सम्पन्न गर्नुपर्नेछ।

७. संस्थाले सञ्चालन गरेका कार्यक्रम, बजेट, उपलब्धि तथा प्रगति विवरण विभिन्न उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ।

८. गाउँपालिका वा गैसस समन्वय समितिले समय—समयमा निर्धारण गरेका अन्य आचारसंहिता तथा निर्देशनहरूको पालना गर्नुपर्नेछ।

**आज्ञाले,**
**गोपाल शाही**
**प्रमुख प्रशासकीय अधिकृत**